# सुचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५(३) तथा नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

कोशी प्रदेश विराटनगर

२०८१

# २०८१ साल कार्तिक देखि पौषसम्म (दोश्रो त्रैमासिक) भएका गरिएका सम्पादित प्रमुख कार्यहरु

**(क) मन्त्रालयको स्वरुप र प्रकृति**

नेपालको संविधान २०७२ बमोजिम देशलाई सङ्घीय ढाँचामा पुनर्संरचना गर्ने उद्देश्यका साथ वर्तमान संविधानको भाग १३ मा प्रदेश कार्यपालिका सम्बन्धी व्यवस्था अनुरुप कोशी प्रदेश मन्त्रिपरिषदको गठन संविधानको धारा १६८ अनुसार मिति २०७४।११।०३ गते भएको हो। प्रदेश संरचनाको स्थापनाकालमा गठन भएको ७ वटा मन्त्रालय मध्ये सामाजिक विकास मन्त्रालय विभाजन भई मिति २०७८।१०।२३ गतेका दिन स्वास्थ्य मन्त्रालयको स्थापना भएको हो।

यस मन्त्रालय मातहत स्थायी प्रकृतिका विभागीय निकायहरु प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य तालिम केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र रहेका छन् भने, १५ वटा अस्पतालहरु, १४ वटा स्वास्थ्य कार्यालयहरु, १४ वटा आयुर्वेद औषधालयस्वास्थ्य केन्द्रहरु/ र एउटा प्रादेशिक आयुर्वेद अस्पताल रहेका छन् भने अस्थायी प्रकृतिका १ वटा प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र १ वटा प्रादेशिक प्रेषण केन्द्र, र शैलजा आचार्य हृदयरोग केन्द्र, विराटनगर गरी जम्मा ५० वटा निकायहरु रहेको छन् ।

**(ख) मन्त्रालयको काम कर्तव्य र अधिकार**

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र देहाय बमोजिम रहेको छः

१) स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन मापदण्ड तथा योजना तर्जुमा कार्यान्वयन र नियमन,

२) प्रदेशमा स्वास्थ्य सेवामा आवद्ध जनशक्तिको विकास र व्यवस्थापन सम्बन्धी कार्ययोजनाको निर्माण कार्यान्वयन र अनुगमन,

३) प्रदेशभर स्वास्थ्य सेवामा प्रभावकारिता ल्याउन स्वास्थ्य जनशक्तिको अभिलेख व्यवस्थापन सहित समुचित वितरण र परिचालन,

४) स्वास्थ्य विपद तथा महामारी पूर्व तयारी तथा प्रतिकार्य योजनाको निर्माण र कार्यान्वयन,

५) प्रदेशमा स्वास्थ्य प्रयोगशालाको मापदण्ड तथा गुणस्तर निर्धारण र अनुगमन,

६) ग्रामीण क्षेत्रमा स्वास्थ्य घुम्ती शिविर सम्बन्धी कार्ययोजना निर्माण र सोको कार्यान्वयन तथा अनुगमन,

७) स्वास्थ्य सेवाको प्रभावकारिता अभिवृद्धिका लागि संघ र स्थानीय तहसंग समन्वय र सहकार्य,

८) स्वास्थ्यकर्मीको आचार संहिता निर्माण कार्यान्वयन तथा अनुगमन,

९) प्रदेशमा स्वास्थ्यको भौतिक संरचना, स्वास्थ्य उपकरण, एम्बुलेन्स शववाहन र सम्पत्तिको प्रादेशिक अभिलेखको निर्माण र सोको समुचित व्यवस्थापन,

१०) नागरिकलाई अत्याधुनिक तवरले सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभुति गर्ने विषय,

११) प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, प्रशामक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन,

१२) स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेशागत संघ संस्थाको अभिलेख व्यवस्थापन र नियमन,

१३) प्रदेशमा स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन,

१४) राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामाग्रीको उत्पादन तथा सञ्चय अधिकतम खुद्रा मुल्य निर्धारण, अन्तिम विसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र नियमन,

१५) राष्ट्र्य मापदण्ड अनुरूप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन,

१६) राष्ट्रिय मापदण्ड बमोजिम संघ र स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य बीमाको कार्यान्वयन र पहुँच विस्तार एवं सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन,

१७) औषधी निगरानी (फर्मा कोभिजिलेन्स), औषधिको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (एन्टि माइक्रोवायल रेसिस्टेन्स) न्यूनीकरण,

१८) खोपको आपूर्ति र व्यवस्थापन,

१९) संवेदनशील औषधि तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन,

२०) प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह प्रणालीको व्यवस्थापन,

२१) जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन,

२२) सूर्तिजन्य वस्तुको नियन्त्रणका लागि समन्वय तथा नियमन,

२३) स्वास्थ्य सम्बन्धी आपतकालीन अवस्था, महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधिजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन,

२४) सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम,

२५) राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

२६) स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन,


२७) प्रदेशस्तरको सरसफाई तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,

२८) स्वास्थ्य सरसफाई तथा स्वच्छता अभियानमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२९) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन,

३०) जनसंख्या, बसाईंसराईं र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन एवम् सो सम्बन्धमा संघ तथा स्थानीय तहसँग समन्वय।

## (ग) मन्त्रालयका महाशाखा शाखा अन्तर्गत कर्मचारी सङ्ख्या र कार्य विवरण



(घ) मन्त्रालयबाट प्रदान गरिने सेवा

| | | |
|---|---|---|
| १ | **नीति योजना तथा जनस्वास्थ्य महाशाखाः**<br>• नीति योजना तथा समन्वय शाखा<br>• जनस्वास्थ्य शाखा | **नीति योजना तथा समन्वय शाखाः**<br>१. प्रदेशस्तरमा स्वास्थ्य सम्बन्धी प्रादेशिक अल्पकालीन र दीर्घकालीन नीति,रणनीति, कानून, योजना, निर्देशिका, मार्गदर्शन, मापदण्ड आदि तर्जुमा गर्ने।<br>२. प्रदेशस्तरमा स्वास्थ्य क्षेत्र मानव संसाधन सम्बन्धी दीर्घकालीन, मध्यकालीन तथा अल्पकालीन नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने।<br>३. प्रदेशस्तरमा स्वास्थ्यसम्बन्धी बजेट विकास कार्यक्रममा आवश्यक संयोजन तथा सहयोग गर्ने साथै प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयसँग सम्पर्क र समन्वय गरी वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने, आवश्यकतानुसार छलफल गरी स्वीकृत गराउने तथा सोअनुसार कार्ययोजना बनाउने।<br>४. मन्त्रालय र मातहतका निकायहरुबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरुको निर्धारित लागत, समय, गुणस्तर तथा परिमाण अनुसार काम भए नभएको सम्बन्धमा निरीक्षण तथा अनुगमनबाट प्राप्त सुचानाको आधारमा अध्ययन, विश्लेषण गर्न, गराउनका लागि समीक्षा बैठक आयोजना गर्ने।<br>५. स्वीकृत भएका नीति योजना तथा कार्यक्रम आवश्यकताअनुसार अध्यवधिक गर्ने।<br>६. मन्त्रालय मातहतका कार्यालयस्तरका कार्ययोजना मार्गदर्शन तथा कार्य प्रतिवेदन संकलन गरी एकीकृत रुपमा तयार गर्ने र वेबमा अध्यवधिक गर्ने।<br>७. अनुगमन तथा मुल्याङ्कन सम्बन्धी नीति तथा अनुगमन मुल्याङ्कन खाका तर्जुमा गर्ने र लागू गर्ने।<br>८. प्रदेशस्तरमा स्वास्थ्य सम्बन्धी नीतिको कार्यान्वयन, मुल्याङ्कन र विश्लेषण गर्ने। |

| | | |
|---|---|---|
| | | ९. मन्त्रालयसंग सम्बन्धित क्षेत्रगत विकास कार्यक्रमको आवधिक र वार्षिक कार्यक्रम तर्जुमा गरी पेश गर्न अन्तर्गतका निकायहरुलाई मार्ग निर्देशन दिने।<br><br>**जनस्वास्थ्य शाखाः**<br>१०. प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भिलेन्स) सम्बन्धी कार्य गर्ने।<br>११. सरुवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम, स्वास्थ्य प्रवर्धनका लागि स्वास्थ्य शिक्षा र सूचना प्रवाह, वातावरणीय स्वास्थ्य र पेशागत स्वास्थ्य सेवा सम्बन्धी कार्य गर्ने।<br>१२. एकीकृत सुचना व्यवस्थापन प्रणाली (DHIS, HMIS, eLMIS आदि) को प्रभावकारी सञ्चालनको लागि क्षमता अभिवृद्धि गर्ने।<br>१३. जनसंख्या, बसाईंसराईं र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा,कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन एवम् सो सम्बन्धमा संघ तथा स्थानीय तहसँग समन्वय गर्ने।<br>१४. स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गर्ने।<br>१५. सूर्ति, मदिरा र लागुपदार्थ जस्ता जनस्वास्थ्यमा असर पुऱ्याउने वस्तुहरुको नियन्त्रणको लागि मापदण्ड तयार गरी नियमन गर्ने।<br>१६. प्रदेशस्तरको सरसफाई तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन गर्ने।<br>१७. विश्वव्यापी जनस्वास्थ्यसम्बन्धी समस्याहरुको रोकथाम निवारणका लागि राष्ट्रिय/अन्तराष्ट्रिय संघ संस्थाहरुसँग सम्पर्क र समन्वय गर्ने।<br>१८. सरकारी, सामुदायिक, सहकारी, गैर-सरकारी तथा समितिहरुबाट सञ्चालित स्वास्थ्य कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कन सम्बन्धी कार्यको साथै उक्त कार्यक्रमहरुको तुलनात्मक विश्लेषण गरी मितव्ययिता, कार्यदक्षता तथा प्रभावकारिता ल्याउनका लागि आयोजनालाई पृष्ठपोषण दिने।<br>१९. स्वास्थ्य सूचकहरु तयार गर्ने र प्रदेश भित्र सञ्चालित कार्यक्रमहरुको आवधिक समिक्षा गर्ने। |

| | | |
|---|---|---|
| | | २०. प्रदेश स्तरमा नयाँ जनस्वास्थ्य कार्यक्रम तथा प्रविधिहरुको नवीनतम प्रयोग र कार्यगत अध्ययन अनुसन्धान गर्ने गराउने साथै उक्त कार्यलाई व्यवस्थित गर्न प्रादेशिक प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्ने, गुणस्तरीय र उपयोगी अनुसन्धान तथा शोधकार्यका लागि सरोकारवाला निकायहरुसँग सहकार्य र समन्वय गर्ने। |
| २ | **अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा:**<br><br>• अस्पताल विकास तथा सुदृढिकरण शाखा<br>• अनुगमन मुल्याङ्कन तथा अनुसन्धान शाखा<br>• आयुर्वेद तथा बैकल्पिक चिकित्सा शाखा | **अस्पताल विकास तथा सुदृढीकरण शाखा**<br>१. उपचारात्मक, पुर्नस्थापनात्मक तथा प्रशामक स्वास्थ्य सेवाको व्यवस्थापन गर्ने।<br>२. प्रदेश भित्र बिशेषज्ञ स्वास्थ्य सेवा सुदृढीकरणका लागि आकस्मिक, अल्पकालिन तथा दीर्घकालिन रणनीति, योजना, निर्देशिका तर्जुमा गरि कार्यान्वयनमा सहजिकरण गर्ने।<br>३. प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर मापदण्ड निर्धारण, अनुगमन, नियमन तथा पृष्ठपोषण गर्ने।<br>४. स्वास्थ्य सेवाको शुल्क निर्धारण सम्वन्धी कार्य गर्ने।<br>५. राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अनुरुप अस्पताल,नर्सिङ्ग होम, पोलिक्लिनिक,निदान केन्द्र, उपचार केन्द्र, पुनर्स्थापना केन्द्र, डायलासिस केन्द्र, हस्पिस सेन्टर लगायतकास्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता,सञ्चालन अनुमति, नविकरण, स्तरोन्नति र नियमन सम्वन्धी कार्य गर्ने, गराउने।<br>६. मातहतका अस्पतालहरुसंग समन्वय गरी वार्षिक कार्यक्रम एवं बजेटको बाँडफाँड गर्न सम्बन्धित महाशाखासंग समन्वय गर्ने।<br>७. समयानुकुल स्वास्थ्य सूचना प्रणाली, स्वास्थ्य सेवा प्रवाहको परीक्षण (Health Service Audit), नविनतम प्रविधिको प्रयोग सम्वन्धी कार्य गर्ने, गराउने।<br>८. अस्पतालको मेशिनरी औजार तथा भौतिक व्यवस्था सम्बन्धमा आवश्यक मापदण्ड निर्धारण र नियमन सम्वन्धी कार्य गर्ने।<br>९. स्वास्थ्य क्षेत्रमा विपद् र महामारी व्यवस्थापन, स्वास्थ्य आपतकालिन कार्य सञ्चालन केन्द्र व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाहका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफर स्टक व्यवस्थापन सम्वन्धी कार्य गर्ने। |

१०.हव तथा सेटेलाइट अस्पतालहरुको छनौट, विस्तार र क्षमता विकास गर्ने।

११.स्वास्थ्य सेवा सम्वन्धी प्रदेशस्तरीय प्राज्ञिक,व्यवसायिक र पेसागत संघ संस्थाबाट गरिने कार्यमा समन्वय तथा सहजिकरण गर्ने।

१२.प्रेषण प्रणालीको सुदृढीकरण गर्नको लागि प्रभावकारी संयन्त्र निर्माण एवं प्रचलित मापदण्ड अनुरुप एकिकृत एम्बुलेन्स सेवा सञ्चालन लगायतका कार्य गर्ने।

१३.मेडिकोलिगल सम्वन्धी कार्य गर्ने।

१४.स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्वन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गर्ने।

१५.स्वास्थ्य संस्था तथा स्वास्थ्य कर्मीहरुको भौतिक तथा मानविय सुरक्षा सम्वन्धी कार्य गर्ने।

१६.स्वास्थ्य संस्थाहरुको पूर्वाधार विकासका लागि वातावरणीय प्रभाव मूल्याङ्कन सम्वन्धी कार्यमा समन्वय गर्ने।

१७.स्वदेश तथा विदेशमा संचालन हुने विभिन्न तालिम, गोष्ठी, अध्ययन, भ्रमण, सभा सम्मेलनमा कर्मचारी मनोनयनका लागि सिफारिस गर्ने।

**अनुगमन मुल्याङ्कन तथा अनुसन्धान शाखा**

१८.औषधी निगरानी (Pharmacovigilance) गर्ने,औषधिको समुचित प्रयोगर प्रतिजैविक प्रतिरोध )Antimicrobial Resistance)समस्याको न्युनीकरण सम्वन्धी कार्य गर्ने।

१९.प्रदेशस्तरमा बिशेषज्ञ स्वास्थ्य सेवाको विकास, विस्तार एवं अध्ययन र अनुसन्धान गर्ने।

२०.प्रदेश जनस्वास्थ्य प्रयोगशालाको मापदण्ड तथा गुणस्तर निर्धारण, अनुगमन र नियमन गर्ने गराउने ।

२१.प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर मापदण्ड निर्धारण, अनुगमन, नियमन तथा पृष्ठपोषण गर्ने।

२२.स्वास्थ्य सेवाप्रवाह सम्बन्धी स्वास्थ्य सुचकहरुको बिकास गर्ने, समिक्षा गर्ने र सो सेवा प्रदायक संस्थाहरुको तथ्याङ्क अद्यावधिक गर्न सहजिकरण गर्ने गराउने।

२३.अस्पताल सम्बन्धीका गुनासाहरुको नियमन र व्यवस्थापन गर्ने गराउने।

| | | |
|---|---|---|
| | | **आयुर्वेद तथा बैकल्पिक चिकित्सा सेवा शाखा**<br>२४. प्रदेशस्तरमा आयुर्वेद तथा बैकल्पिक चिकित्सा अन्तर्गत प्रवर्धनात्मक,प्रतिकारात्मक,उपचारात्मक, पुर्नस्थापनात्मकतथा प्रशामकस्वास्थ्य सेवाको रणनीति, निर्देशिका, मार्गदर्शन, मापदण्ड तर्जुमा एवं कार्यान्वयन गर्ने।<br>२५.आयुर्वेद, योग, प्राकृतिक चिकित्सा, होमियोप्याथि, आम्ची तथा युनानी लगायतका अन्य प्रचलित परम्परागत बैकल्पिक चिकित्सा पद्धतिहरुको आधारभूत,बिशेषज्ञ सेवा सम्वन्धी प्रदेशस्तरीय मापदण्ड निर्माण, कार्यान्वयन, अनुगमन, मुल्याङ्कन र नियमनगर्ने।<br>२६.आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको गुणस्तर निर्धारण सम्वन्धी कार्य गर्ने।<br>२७.जडिबुटीको संरक्षण, प्रवर्धन, प्रशोधन एवं प्रयोग सम्वन्धी कार्यमा सहजिकरण गर्ने।<br>२८. गुणस्तरीय आयुर्वेद औषधी उत्पादन र नियमनका लागि प्रदेशस्तरको रणनीति, योजना, निर्देशिका तर्जुमा गर्ने र कार्यान्वयनमा ल्याउने।<br>२९. आयुर्वेद तथा बैकल्पिक चिकित्सा सेवाप्रवाह सम्बन्धी स्वास्थ्य सुचकहरुको बिकास गर्ने, समिक्षा गर्ने र सो सेवा प्रदायक संस्थाहरुकोतथ्याङ्क अद्यावधिक गर्न सहजिकरण गर्ने।<br>३०. आयुर्वेद सूचना प्रणालीको समयानुकूल विकास र विस्तार गर्ने।<br>३१. सरकारी, सहकारी, सामुदायिक तथा निजी संस्थाहरुबाट संचालित आयुर्वेद तथा वैकिल्पक स्थास्थ्य सेवा प्रवाह गर्ने संस्थाहरुबाट प्रदानगर्ने सेवाको प्रभावकारिताको अनुगमन,निरीक्षण, स्वीकृति, सञ्चालन अनुमति, नविकरण, स्तरोन्नतिसम्वन्धी कार्य गर्ने।<br>३२. आयुर्वेद चिकित्सा विज्ञान तथा परम्परागत ज्ञानमा आधारित सिप, प्रविधि तथा अवधारणाको संरक्षण, सम्वर्धन, अनुसन्धान र प्रवर्धन गर्ने।<br>३३. स्वस्थ जिवन शैली अभिप्रेरित गर्ने सम्वन्धी कार्य गर्ने। |

| प्रशासन महाशाखा | |
|---|---|
| • **प्रशासन शाखा**<br>• **कानुन शाखा**<br>• **आर्थिक प्रशासन शाखा**<br>• **जनसंख्या तथा तथ्याङ्क व्यवस्थापन शाखा** | १) आन्तरिक प्रशासन, कार्यालय व्यवस्थापन, सरसफाइ र आवश्यक भौतिक व्यवस्था गर्ने ।<br>२) आन्तरिक कर्मचारी प्रशासन, आन्तरिक कार्य विभाजन, हाजिरी, विदा, रमाना, पालो पहरा, खटनपटनको व्यवस्थापन गर्ने ।<br>३) कार्यालय भवन, परिसर, सवारी साधनहरुको मर्मत संभार तथा व्यवस्थापन गर्ने ।<br>४) मन्त्रालय र मातहतका कार्यालयहरुको आन्तरिक जिन्सी सामानको आपूर्ति तथा व्यवस्था, जिम्मा तथा रेखदेख, संभार, संरक्षण, निरीक्षण तथा प्रतिवेदन सम्बन्धी कार्यहरु गर्ने ।<br>५) आवश्यक जनशक्तिको दरवन्दी सिर्जना, नियुक्ति, सरुवा, पदस्थापना तथा बढुवा सम्बन्धी कार्य गर्ने ।<br>६) प्रदेशमातहतका कर्मचारीको श्रेणी र तहगत दरवन्दी विवरण तथा कर्मचारी अभिलेख राख्ने ।<br>७) प्रदेशमातहतका कर्मचारीहरुको कार्यविवरण, कार्यसम्पादन, तालिम, विदा तथा अवकाश तथा विभागीय कारवाही गर्ने ।<br>८) कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी मूल्याङ्कनको अभिलेख तथा व्यवस्थापन गर्ने ।<br>९) स्वास्थ्य सेवाका विभिन्न पदको बढुवाको लागि सचिवालय सम्बन्धी कार्य गर्ने ।<br>१०) स्तरवृद्धि सम्बन्धी कार्य गर्ने ।<br>११) मानव संसाधन सूचना केन्द्रमा प्रविष्ट भएका पत्रको व्यक्तिगत फाइलमा अद्यावधिक गर्ने ।<br>१२) लामो अवधिका विदा तथा कारवाहीहरुको अभिलेख राख्ने ।<br>१३) कर्मचारीहरुको व्यक्तिगत फाइल अद्यावधिक गर्ने ।<br>१४) आर्थिक योजना तथा संघीय आर्थिक प्रशासन नीति अनुसार कार्य गर्ने ।<br>१५) वित्तिय नीति तर्जुमा, बजेट, मन्त्रालयको केन्द्रीयस्तरको लेखा अन्तर्गत वार्षिक विनियोजन बाँडफाँड सम्बन्धी कार्यहरु गर्ने, गराउने ।<br>१६) विनियोजित बजेटको निकासा, खर्च, लेखाङ्कन तथा प्रतिवेदन र लेखापरीक्षण सम्बन्धी कार्यहरु गर्ने, गराउने ।<br>१७) योजना तथा कार्यक्रम तर्जुमा, बजेट कार्यान्वयन, लेखापरीक्षण तथा बेरुजु फछ्र्योट, आर्थिक अनुशासन पालना सम्बन्धी कार्य गर्ने ।<br>१८) आन्तरिक बजेट सञ्चालन गर्ने । |

| | |
|---|---|
| | १९) केन्द्रीय लेखा, लेखाप्रणाली तथा आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन गर्ने । <br> २०) प्रदेश सरकारको आर्थिक प्रशासन र वित्तीय व्यवस्थापन सम्बन्धी विषयका कार्य गर्ने । |

**श्रीमान प्रदेश सचिवज्युः** डा. राधिका थपलिया

**प्रशासन योजना तथा जनसंख्या महाशाखाः**

**महाशाखा प्रमुखः** श्री प्रकाश प्रसाद पोखेल (उपसचिव)

**प्रशासन शाखाः**

शाखा अधिकृत (आठौं), श्री संगीता थुलुङ्ग राई

शाखा अधिकृत, श्री विनोद कुमार भण्डारी

शाखा अधिकृत (छैठौं), जिन्सी उपशाखा, श्री वासुदेव कुँवर

कम्प्युटर अधिकृत, श्री सुरेन्द्र यादव

सुचना प्रविधि अधिकृत, श्री रुपनारायण यादव

अधिकृत छैठौं श्री ईलाराज पुरी

दर्ता चलानी सहायक श्री रितु सिंह

**कानुन शाखाः**

कानुन अधिकृत, श्री शंकर बाराकोटी

**आर्थिक प्रशासन शाखाः**

लेखा अधिकृत (आठौं), श्री पुष्पा दाहाल

**जनसंख्या तथा तथ्यांक व्यवस्थापन शाखाः**

रिक्त

**नीति योजना तथा जनस्वास्थ्य महाशाखाः**

**महाशाखा प्रमुख/मन्त्रालयका प्रवक्ताः** श्री आस्था थापा (अस्पताल नर्सिङ्ग प्रशासक)

**नीति योजना तथा समन्वय शाखाः**

कम्युनिटी नर्सिङ्ग अधिकृत, श्री श्रृजना पौडेल

नर्सिङ्ग अधिकृत, श्री भावना गौतम

**जनस्वास्थ्य शाखाः**

हाल रिक्त

**अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखाः**

महाशाखा प्रमुखः श्री सागर प्रसाईं (व. जनस्वास्थ्य प्रशासक)

डा. सभ्यता पन्थी, जनस्वास्थ्य प्रशासक

**अस्पताल व्यवस्था तथा सुदृढीकरण शाखाः**

जनस्वास्थ्य अधिकृत, श्री लक्ष्मण खरेल

जनस्वास्थ्य अधिकृत, श्री आस्ना गौतम

नर्सिङ्ग अधिकृत, श्री रिनु निरौला

**अनुगमन मुल्याङ्कन तथा अनुसन्धान शाखाः**

व. फार्मेसी अधिकृत, श्री भरत शाह

फार्मेसी अधिकृत, श्री राही विक्रम थापा

**आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखाः**

डा. केनिन राई, आयुर्वेद चिकित्सक

**हलुका सवारी चालकः**

श्री राजु शाह

श्री आमोद कुमार देव

श्री आश ब तामाङ्ग (शैलजा दरबन्दी)

श्री अशोक राजवंशी (शैलजा दरबन्दी)

श्री प्रेम कुमार यादव (शैलजा दरबन्दी)

**सुरक्षा गार्ड**

श्री किशोर कुमार गुरुङ्ग

**कार्यालय सहयोगीः**

श्री अम्बिका ढुङ्गाना (सचिवज्युको कार्यकक्ष)

श्री परशुराम घिमिरे

श्री चमन राउत

श्री धर्मराज राजवंशी (शैलजा दरबन्दी)

श्री राजेश राजवंशी (शैलजा दरबन्दी)

श्री सुष्मा तामाङ्ग (शैलजा दरबन्दी)

श्री रमिला कोइराला (PHEOC)

श्री भारती राउत (स्वीपर)

**(ङ) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

सेवा सम्बन्धित प्रचलित कानुनले तोकेबमोजिम

**(च) निर्णय गर्ने प्रक्रिया र अधिकारी**

सेवा वा निर्णय गर्नुपर्ने कामसम्बन्धी प्रचलित कानुन बमोजिम

**(छ) निर्णय उपर उजुरी सुन्ने अधिकारी**

प्रचलित कानुन बमोजिम

**(ज) सम्पादन गरेको कामको विवरण**

**नीति योजना तथा जनसंख्या महाशाखाः**

१) विशेषज्ञ चिकित्सक प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८१ प्रदेश सरकार (मन्त्रीपरिषद्)बाट स्वीकृत भई प्रदेश राजपत्रमा प्रकाशन गरिएको।

२) विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१ स्वीकृतिका लागि प्रस्ताव पेश गरिएको।

३) स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था गर्न बनाइएको विधेयेकको अवधारणापत्र प्रदेश सरकार (मन्त्रीपरिषद्) बाट स्वीकृत भएकोमा स्वास्थ्य सेवा विधेयेक तर्जुमाका लागि निर्देशक र प्राविधिक कार्यसमित गठन भई उक्त समतिद्वारा तर्जुमाको प्रक्रियामा रहेको।

४) स्वास्थ्य सेवा विधेयेकमा समावेश गर्ने प्रयोजनार्थ विभिन्न सरोकारवालाहरुसंगबाट राय सुझाव सङ्कलनका लागि खुला सुचना प्रकाशन गरिएको।

५) प्रदेश स्वास्थ्य नीति, २०८१ को मस्यौदामा सम्बन्धित मन्त्रालय तथा योजना आयोगबाट राय सुझाव प्राप्त भई सम्बन्धित सरोकारवालाहरुको राय सुझावको लागि खुला सुचना प्रकाशन गरिएको।

६) स्वास्थ्य क्षेत्रमा आवद्ध मानव संसाधनको कार्यविवरण (Job Description) एकीकृत गर्ने प्रक्रियालाई अन्तिम रुप दिइएको।

७) प्रदेश स्वास्थ्य तालिम केन्द्रबाट सञ्चालन हुने प्रजनन स्वास्थ्य रुग्णता सम्बन्धी एकीकृत तालिम सामाग्री सम्पादन तथा स्वीकृत गरिएको।

८) आयुर्वेद तर्फको छुट AHMIS तालिम कार्यक्रम सञ्चालन मार्गदर्शन स्वीकृत गरिएको।

९) कोशी प्रदेश जनस्वास्थ्य नियमावली, २०८१ स्वीकृत गर्ने प्रयोजनार्थ सम्बन्धित मन्त्रालयबाट राय सहमति माग भएको।

१०) प्रदेश योजना आयोग बाट प्रदेशस्तरीइ आयोजना बैङ्क व्यवस्थापन कार्यविधि, २०८१ को मस्यौदामा स्वास्थ्य क्षेत्रसम्बन्धी पृष्ठपोषण पेश गरिएको।

११) प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रमार्फत विभिन्न उपकरण खरिदको लागि सहमति प्रदान गरिएको।

१२) आ.व. २०८१।८२ अन्तर्गतको बजेट तथा कार्यक्रम अन्तर्गत क्रियाकलाप संशोधन, रकमान्तर, ठेगाना संशोधनका लागि विभिन्न संस्था तथा निकायबाट प्राप्त पत्रहरुबमोजिम सम्बन्धित मन्त्रालयमा संशोधन र PLMBIS प्रविष्टिका लागि माग गरिएको साथै PLMBIS मा प्रविष्टि गरिएको।

१३) नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयबाट पत्राचार भएबमोजिम SAMi कार्यक्रमको लागि संघीय सशर्त अनुदानबाट स्वास्थ्य मन्त्रालयमा प्राप्त बजेट स्वास्थ्य निर्देशनालयमा रकमान्तर गरिएको।

१४) मन्त्रालयका शाखा महाशाखाबाट हुने बजेट तथा नीति नियम सम्बन्धी कार्यमा समन्वय गरी सहजीकरण गरिएको।

१५) राष्ट्रिय योजना आयोगबाट माग भएबमोजिम संघीय समपुरक र विशेष अनुदान सम्बन्धी कार्यविधिमा रायसुझाव पेश गरिएको।

१६) आँखा स्वास्थ्य प्रवर्द्धनका लागि उच्चस्तरीय समिति गठन भई पहिलो बैठकको निर्णय अनुसार कार्ययोजना निर्माण गरिएको।

१७) मातहतका निकाय र स्वास्थ्य संस्थाहरुबाट यस आ.व. मा सञ्चालन हुन नसक्ने आँकलन गरिएको बजेट तथा कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुको विवरण बजेट समर्पणार्थ माग गरिएको।

१८) स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्य सन्देश प्रशारण सम्बन्धी कार्यक्रम सञ्चालनका लागि प्रक्रिया शुरु गरिएको।

**अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखाः**

१) उच्चस्तरीय अस्पताल सेवा सुधार अध्ययन कार्यदलको अध्ययन भ्रमण प्रक्रिया पूर्ण भई प्रतिवेदन तयारीको अन्तिम चरणमा रहेको।

२) कडा रोगले प्रभावित विरामीहरुलाई आर्थिक सहायताको लागि विनियोजित बजेट रकम अपुग भएकाले थप रकमका लागि साथै उक्त कार्यक्रम सहजीकरणका लागि कार्यविधि संशोधन गर्न समबन्धित मन्त्रालयसंग पत्राचार तथा रायसहमति प्रदान गरिएको।

३) दश वर्ष मुनिका बालबालिकाहरुको निःशूल्क विशेषज्ञ चिकित्सकीय सेवा कार्यक्रम मार्फत दाबी पेश भएको रकम रु १ करोड स्वास्थ्य कार्यालय झापामा बजेट रकमान्तर गरिएको।

४) जम्मा ७ वटा नयाँ एम्बुलेन्स खरिद तथा सञ्चालन सिफारिस गरिएको।

५) जम्मा ७ वटा ख वर्गमा एम्बुलेन्स स्तरोन्नति तथा नवीकरण गरिएको।

६) अस्पताल भर्ना भएका विरामी तथा सेवाग्राही लाई प्रदान गरिने रासन सम्बन्धी कार्यविधि, २०८१ निर्माणको क्रममा रहेको।

७) सरकारी तथा निजी अस्पतालहरुमा नियमित रुपमा अनुगमन, निरीक्षण तथा नियमन गरिएको।

८) छात्रावृत्ति करारमा कार्यरत स्वास्थ्यकर्मीहरुको तलब भत्ता रकमान्तर र अपुगका लागि थप बजेट स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय संग माग गरिएको।

९) शैलजा आचार्य हृदयरोगको स्तरोन्नति गरी पूर्ण क्षमतामा सञ्चालन तथा व्यवस्थापन गर्न २०८३ पौष मसान्तसम्मका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय लाई उपलब्ध गराउन प्रदेश सरकारबाट स्वीकृति प्राप्त भएको।

**प्रशासन महाशाखाः**

१) मन्त्रालयका विभागीय निकायहरुमा GIOMS (एकीकृत कार्यालय व्यवस्थापन प्रणाली) लागु गरी सञ्चालन शुरु गरिएको।

२) मुख्यमन्त्री ड्यासबोर्डमा प्रविष्ट गर्ने प्रयोजनार्थ स्वास्थ्य मन्त्रालय अन्तर्गतका बजेट तथा कार्यक्रमको सुची उपलब्ध गराइएको।

३) मन्त्रालय मातहतका कर्मचारीको ई हाजिरी शुरु तथा सुचारु गर्न सहजीकरण गरिएको।

४) शाखा महाशाखा अन्तर्गतका कर्मचारीको माग फारम व्यवस्थापन गर्ने प्रयोजनार्थ PAMS login ID सिर्जना गरिएको।

५) कर्मचारी सरुवा तथा कामकाजमा खटाउने कार्य भएको ।

६) कर्मचारीको बढुवा नियुक्ति र तहवृद्धि सम्बन्धी कार्य भएको ।

७) बढुवा सिफारिस भएका कर्मचारीलाई पदस्थापना गरिएको ।

८) छात्रवृत्ति करारमा स्वास्थ्यकर्मीलाई कामकाजमा खटाइएको ।

**(झ) सुचना अधिकारी र प्रमुखको नाम र पद**

सुचना अधिकारीः

श्री श्रृजना पौडेल, कम्युनिटी नर्सिङ्ग अधिकृत (सातौं)

मोबाइल नः ९८५२०२१०९७

Email: suchanaadhikari.moh@p1.gov.np

**(ञ) ऐन नियम विनियम वा निर्देशिकाको सुची**

१) प्रदेश नं १ जनस्वास्थ्य ऐन, २०७७

२) आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधि, २०८१

३) दश वर्षमुनिका बालबालिकाहरुका लागि निःशुल्क विशेषज्ञ चिकित्सकीय सेवा सम्बन्धी मार्गदर्शन, २०८०

४) शैलजा आचार्य हृदयरोग केन्द्र सञ्चालन कार्यविधि, २०८०

५) विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७९

६) विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यविधि, २०८१

७) आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९

८) कर्मचारीको तह वृद्धि सम्बन्धी निर्देशिका, २०७९

९) स्वास्थ्यकर्मी करार सम्बन्धी कार्यविधि, २०७९

१०) मन्त्रालयबाट विनियोजित बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८१/८२

११) विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालन (पहिलो संशोधन)कार्यविधि, २०८१

**चालु आ.व. को दोस्रो त्रैमासिकमा कुनै पनि सुचना माग नभएको।**

## (ट) आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

| स्वास्थ्य मन्त्रालयको दोश्रो त्रैमासिक खर्च | |
|---|---|
| **ब.उ.शि.नं.** | **रकम** |
| ३७००००११३ | ८१३३७४३.७ |
| ३७००२१०५३ | ४१०००. |
| ३७०००१०१३ | १५२४७२१. |
| ३७००२१०३३ | ४१६७६०. |
| ३७०९११२९३ | ११४६५८५. |
| ३७००००११४ | २१६५४२. |
| **जम्मा खर्च रकम** | **११४७९३५१.७** |

| राजश्व आम्दानी | रकम |
|---|---|
| दोश्रो चौमासिक | **८२६६५६६.** |



**मन्त्रालयको वेबसाइट तथा इमेलः**

Website: moh.p1.gov.np, Email: info.moh@p1.gov.np